वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १११ | २०८३ भदौ ०३ गते बुधबार, नेपाल सम्वत् ११४६ August 19, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



**ज्येष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा :** तनहुँको बन्दीपुर गाउँपालिका-६ स्थित धरमपानी स्वास्थ्य चौकीले सेवा क्षेत्रका ज्येष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा र नसर्ने रोगको स्कृनिङ गर्दै स्वास्थ्यकर्मी । यस कार्यक्रममार्फत ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था परीक्षण तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य जाँच, परामर्श र आवश्यक स्वास्थ्य सेवाका बारेमा जानकारी प्रदान गर्ने गरिएको छ । स्वास्थ्य चौकीको पहुँचमा आउन कठिन हुने ज्येष्ठ नागरिकलाई घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।
*तस्विर : भञ्ज्याङ*

# संरचना सात दिनभित्र हटाउन व्यासको निर्देशन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले सडक पेटी तथा सार्वजनिक आवागमनमा अवरोध हुने गरी निर्माण गरिएका पक्की संरचना, कम्पाउन्ड, टहरा, सिँढी, बरन्डा तथा सडक अधिकार क्षेत्रभित्र पर्ने अन्य संरचना सात दिनभित्र हटाउन सम्बन्धित घरधनीलाई निर्देशन दिएको छ ।

नगर कार्यपालिकाको २०८३ जेठ २२ गते बसेको २३५औं नियमित बैठकको निर्णयअनुसार नगरपालिकाले सडक पेटी तथा सार्वजनिक आवागमनमा अवरोध हुने संरचना हटाउन यसअघि नै सूचना जारी गरेको थियो । नगरपालिकाले पहिलोपटक जेठ २५ गते ३५ दिने सूचना र त्यसपछि साउन १ गते १५ दिने सूचना प्रकाशित गरेको थियो ।

सूचनाको म्याद समाप्त भइसकेपछि पनि धेरै घरधनीले आफूले निर्माण गरेका संरचना हटाए पनि केही घरधनीले अझै संरचना नहटाएको नगरपालिकाले जनाएको छ । संरचना नहटाउने घरधनी तथा सम्बन्धित पक्षलाई व्यक्तिगत रूपमा समेत संरचना स्वयं हटाउन पत्राचार गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले पछिल्लो सूचनामार्फत उक्त सूचना प्रकाशित भएको मितिले सात दिनभित्र अनिवार्य रूपमा संरचना स्वयं हटाई सडक पेटी तथा सार्वजनिक आवागमन सहज बनाउन अन्तिम पटक सूचित गरेको छ ।

तोकिएको समयभित्र संरचना नहटाए नगरपालिकाले प्रचलित कानुन तथा नगर कार्यपालिकाको निर्णयबमोजिम आफैँ संरचना हटाउने चेतावनी दिएको छ । त्यसरी संरचना हटाउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित घरधनी वा पक्षबाट असुलउपर गर्नुका साथै आवश्यक कानुनी कारबाहीसमेत अगाडि बढाइने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाको निर्णयले सडक पेटी, सडक अधिकार क्षेत्र तथा सार्वजनिक स्थान अतिक्रमण गरी निर्माण गरिएका संरचनाका कारण पैदलयात्री तथा सवारी आवागमनमा हुने अवरोध हटाउने उद्देश्य राखेको छ । नगरपालिकाले सार्वजनिक सडक तथा आवागमनको क्षेत्रलाई सहज, व्यवस्थित र सुरक्षित बनाउन संरचना हटाउन सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

# लोमान्थाङमा यार्तुङ पर्वको रौनक

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

उपल्लो मुस्ताङको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक यार्तुङ पर्व लोमान्थाङमा सुरू भएको छ। लोमान्थाङ गाउँपालिकाको आयोजना तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङको सहकार्यमा पर्व सुरू भएको हो ।

खेतीपातीको काम सकिएपछि स्थानीयवासी फुर्सदिला हुने समयमा मनाइने यार्तुङ धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा स्थापित छ । 'यार'को अर्थ बर्खा र 'तुङ'को अर्थ मनाउनु भन्ने स्थानीय बुझाइ छ । यो पर्व उपल्लो मुस्ताङमा पुस्तौँदेखि मनाउँदै आएको जनविश्वास छ ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकादेखि उपल्लो मुस्ताङसम्मका स्थानीयले यार्तुङलाई विशेष पर्वका रूपमा हर्षोल्लासका साथ मनाउने गर्छन्। पर्वमा घोडा दौड, स्थानीय नाचगान, खानपान तथा विभिन्न सांस्कृतिक गतिविधि हुने गर्छन् ।

लोमान्थाङमा आयोजित पर्वको पहिलो दिन मुस्ताङी २६ औँ सांस्कृतिक राजा जिग्मे परवल विष्टको उपस्थितिमा कार्यक्रम सुरू गरिएको थियो । तीन दिनसम्म चल्ने पर्वको दोस्रो दिन मङ्गलबार मुस्ताङी सांस्कृतिक राजा रानीको उपस्थितिमा कार्यक्रम हुने तथा अन्तिम दिन लोमान्थाङका विभिन्न गुम्बाका लामाको उपस्थितिमा धार्मिक कार्यक्रम गरिने आयोजकले जनाएको छ ।



लोमान्थाङ-५ का वडाध्यक्ष लाक्पा वाङ्दी गुरूङका अनुसार यार्तुङ पर्वको पहिलो दिन मुस्ताङी सांस्कृतिक राजाको भूमिका महत्वपूर्ण हुन्छ । पर्वको पहिलो दिन लोमान्थाङ बजार क्षेत्रबाट करिब दुई किलोमिटर दूरीमा घोडा दौड आयोजना गरिएको थियो । घोडा दौडका क्रममा स्थानीय चार समाजले बाटोमा राखेका मिठो रोटी, याकको टाउकोको आकृति, प्लास्टिकका ऐना र च्याङ्ग्राको खुर ढुङ्गाले हानेर फुटाउने सांस्कृतिक चलनसमेत प्रदर्शन गरिएको स्थानीय भिछिरिङ गुरूङले जानकारी दिनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङका प्रमुख उमेश पौडेलका अनुसार उपल्लो मुस्ताङको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्वका रूपमा रहेको यार्तुङको संरक्षण तथा प्रवर्द्धनका लागि गाउँपालिका र एक्यापले संयुक्त रूपमा आयोजना तथा व्यवस्थापनमा सहयोग गर्दै आएका छन् ।

पछिल्लो समय युवा विदेशिनेक्रम बढेकाले स्थानीय परम्परा र संस्कृति संरक्षण गर्न पर्वलाई व्यवस्थित र सभ्य रूपमा मनाउन जोड दिइएको उहाँको भनाइ छ ।

यार्तुङ पर्वको पहिलो दिन स्वदेशी तथा विदेशी पर्यटक लोमान्थाङ पुगेर पर्वको अवलोकन गरेका थिए । पर्वका अवसरमा विदेशी पर्यटकको उपस्थिति बढेको स्थानीयले बताएका छन् ।

मुस्ताङको बारागुङ मुक्तिक्षेत्रदेखि माथिल्लो क्षेत्रसम्म मनाइने विभिन्न चाडपर्वमा घोडाचढी संस्कृति महत्वपूर्ण मानिन्छ । यस पर्वको विशेषता भनेकै घोडादौड हो । घोडचढीबिना स्थानीय चाडपर्व अपूरो हुने स्थानीय भिछिरिङ गुरूङले बताउनुभयो ।

यार्तुङ पर्वको दोस्रो दिन घोडा दौड प्रतियोगिता सञ्चालन हुने आयोजकले जनाएको छ । घोडा दौडमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रू दुई लाख ५० हजार, रू एक लाख ५० हजार र रू एक लाख पुरस्कार प्राप्त गर्नेछन् । रासस

# बन्दीपुर अस्पतालमा सेवा विस्तार : थाइराइड परीक्षणदेखि नि:शुल्क यातायातसम्म

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर अस्पतालले सेवाग्राहीलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य परीक्षण तथा यातायात सेवा विस्तार गर्ने भएको छ । अस्पतालले भदौ १ गतेदेखि थाइराइडसहित विभिन्न विशिष्टीकृत ल्याब परीक्षण सेवा सुरू गरेको छ भने अस्पतालसम्म आउन-जान सेवाग्राहीको सहजताका लागि ई-भी माइक्रो गाडी सञ्चालन गर्ने तयारीसमेत गरेको छ ।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार भदौ १ गतेदेखि थाइराइड फङ्सन टेस्ट, भिटामिन-डी र भिटामिन-बी-१२ परीक्षण सेवा सञ्चालनमा ल्याइएको अस्पतालका प्रमुख अनिल गिरीले जानकारी गराए ।

उनका अनुसार थप चार प्रकारका परीक्षण सेवा पनि छिट्टै सुरू गर्ने तयारी भइरहेको छ । जसमा सिए-१२५, PSA, ß–hCG र Anti–TPO परीक्षण रहेका छन् । सिए-१२५ पाठेघरको मुखको क्यान्सरसम्बन्धी परीक्षणका रूपमा र पियसए प्रोस्टेटसम्बन्धी परीक्षणका रूपमा अस्पतालले उल्लेख गरेको छ ।

ल्याब परीक्षण सेवा विस्तार भएपछि बन्दीपुर तथा आसपासका क्षेत्रका सेवाग्राहीलाई सामान्य स्वास्थ्य परीक्षणका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अस्पतालको अपेक्षा छ । स्थानीय तहमै थप परीक्षण सुविधा उपलब्ध हुँदा समय र खर्च बचत हुनुका साथै स्वास्थ्य सेवामा पहुँचसमेत सहज हुने विश्वास गरिएको छ ।

**डुम्रे-बन्दीपुर ई-भी सेवा**

यस्तै, अस्पतालले स्वास्थ्य सेवाको पहुँच विस्तारसँगै सेवाग्राहीलाई अस्पतालसम्म पुग्न र फर्किन सहज बनाउन ई-भी

*बाँकी अन्तिम पेजमा*

## सम्पादकीय ............

www.bhanjyangnews.com

# समताको बाटोमा व्यासको आवासीय विद्यालय

शिक्षा बालबालिकाको मौलिक अधिकार हो । तर आर्थिक अभाव, पारिवारिक समस्या र अभिभावकीय संरक्षणको कमीका कारण अझै पनि कतिपय बालबालिका विद्यालय जाने अवसरबाट वञ्चित छन् । विद्यालय जाने उमेरमा हातमा किताब र कापी हुनुपर्ने बालबालिकाको जीवनमा अभाव, असुरक्षा र अनिश्चितता आउनु समाजका लागि गम्भीर विषय हो । यस्तो अवस्थामा स्थानीय सरकारले संरक्षणको आवश्यकता भएका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन गरेको प्रयासलाई सकारात्मक रूपमा लिनुपर्छ। व्यास नगरपालिकाले सञ्चालन गरेको व्यास नगर समता आवासीय विद्यालय यसै दृष्टिले महत्वपूर्ण पहल हो । हाल विद्यालयमा ५६ जना विद्यार्थी अध्ययनरत छन्। उनीहरूलाई पढाइसँगै बस्ने ठाउँ, खाना, पोसाक, कापी-कलम तथा आवश्यक शैक्षिक सामग्री नगरपालिकाले उपलब्ध गराउँदै आएको छ । यसले विद्यालयलाई केवल पढाउने ठाउँ नभई संरक्षण र सुरक्षित भविष्यको आधारका रूपमा स्थापित गरेको छ। आर्थिक अवस्था कमजोर भएका वा अभिभावकीय संरक्षणको कमी भएका बालबालिकाका लागि यस्तो व्यवस्था आफैँमा ठूलो अवसर हो ।

स्थानीय तहको जिम्मेवारी सडक, नाला, खानेपानी, भवन र अन्य भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित हुँदैन । समाजमा पछाडि परेका वर्ग र समुदायका लागि अवसर सिर्जना गर्नु पनि स्थानीय सरकारको दायित्व हो । बालबालिकाको शिक्षा र संरक्षणमा गरिने लगानीको प्रतिफल तत्काल सडक वा भवनजस्तो देखिँदैन। तर यसको प्रभाव व्यक्तिको जीवनभर र समाजको भविष्यसम्म पुग्छ। त्यसैले समता आवासीय विद्यालयलाई स्थानीय सरकारको मानवीय विकासमा गरिएको लगानीका रूपमा बुझ्न आवश्यक छ। यस विद्यालयको अर्को उल्लेखनीय पक्ष बन्द विद्यालयको भवनको पुनःप्रयोग हो । विद्यार्थी अभावका कारण बन्द भएको साविक क्यामिन छापथोक प्राथमिक विद्यालयको संरचनालाई करिब ४० लाख रूपैयाँ खर्चेर मर्मतसम्भार गरी २०७९ भदौ ५ गतेदेखि आवासीय विद्यालयका रूपमा सञ्चालनमा ल्याइएको हो । नयाँ भवन निर्माणमा ठूलो रकम खर्च गर्नुको सट्टा प्रयोगविहीन संरचनालाई सामाजिक उद्देश्यमा उपयोग गर्नु स्रोतको सिर्जनात्मक प्रयोग हो। बन्द विद्यालयको भवन आज संरक्षण आवश्यक भएका बालबालिकाको भविष्य निर्माण गर्ने थलो बनेको छ । यसबाट स्थानीय स्रोत र पूर्वाधारको सही उपयोग कसरी गर्न सकिन्छ भन्ने सन्देशसमेत प्राप्त हुन्छ ।

समता विद्यालयको सबैभन्दा महत्वपूर्ण पक्ष यसको उद्देश्य हो । समानता भनेको सबैलाई एउटै सुविधा दिनु मात्र होइन, अवसरबाट पछाडि परेकालाई अघि बढ्न आवश्यक सहयोग उपलब्ध गराउनु पनि हो । आर्थिक रूपमा सम्पन्न परिवारका बालबालिकाले सहज रूपमा पाउने शिक्षा र अवसर विपन्न परिवारका बालबालिकाले पनि पाउनुपर्छ । परिवारको आर्थिक अवस्था वा अभिभावकीय परिस्थितिका कारण कुनै बालबालिकाको भविष्य निर्धारण हुनु हुँदैन । यही सोचलाई व्यवहारमा उतार्ने प्रयास समता विद्यालयले गरेको देखिन्छ । तर यस्ता कार्यक्रम सञ्चालन गर्नु मात्र पर्याप्त हुँदैन । विद्यालयमा विद्यार्थीको संख्या कति छ भन्नेभन्दा उनीहरूले कस्तो शिक्षा पाइरहेका छन्, उनीहरूको सिकाइ उपलब्धि कस्तो छ र भविष्यमा उनीहरु कहाँ पुग्छन् भन्ने प्रश्न अझ महत्वपूर्ण हुन्छ । आवासीय सुविधा दिएर विद्यालयमा राख्नु पहिलो चरण हो । त्यसपछि उनीहरूको व्यक्तित्व विकास, आत्मविश्वास, अनुशासन, सिर्जनात्मकता, प्राविधिक सीप र जीवनोपयोगी ज्ञानमा पनि उत्तिकै ध्यान दिनुपर्छ ।

यसका लागि दक्ष शिक्षक, बालमैत्री वातावरण, पर्याप्त शैक्षिक सामग्री, खेलकुद तथा अतिरिक्त क्रियाकलाप आवश्यक हुन्छन् । अभिभावकीय संरक्षणबाट वञ्चित बालबालिकालाई विशेष मनोसामाजिक सहयोग पनि आवश्यक पर्न सक्छ । उनीहरूलाई अरूभन्दा फरक वा कमजोर भएको अनुभूति हुन नदिई सम्मानपूर्वक हुर्काउने वातावरण बनाउनुपर्छ। विद्यालयमा पढाइसँगै संस्कार, आत्मनिर्भरता र जिम्मेवारीबोध विकास गर्ने कार्यक्रम आवश्यक छन् । नगरपालिकाले समता आवासीय विद्यालयलाई माथिल्लो कक्षासम्म विस्तार गर्ने तयारी गर्नु पनि सकारात्मक कदम हो। व्यास-९ स्थित बसाहस्थान माध्यमिक विद्यालयमा कक्षा ६ देखि १० सम्म आवासीय विद्यार्थी भर्ना गरी कार्यक्रम विस्तार गर्ने योजना कार्यान्वयन गर्न सकिएमा विद्यार्थीले आधारभूत तहपछि पनि निरन्तर आवासीय सुविधा पाउनेछन् । यसले उनीहरूको अध्ययन बीचमै रोकिने सम्भावना कम गर्न सक्छ। तर विस्तारसँगै गुणस्तरको प्रश्न पनि जोडिन्छ। कक्षा बढाउँदै जाँदा शिक्षक, छात्रावास, भोजन, स्वास्थ्य, पुस्तकालय, प्रयोगशाला, खेलमैदान र अन्य पूर्वाधारमा पर्याप्त लगानी गर्नुपर्छ। कार्यक्रम विस्तार गरेर मात्र सफलता हासिल हुँदैन। विद्यार्थीको संख्या बढाउने होडभन्दा गुणस्तरीय शिक्षा र सुरक्षित वातावरणलाई प्राथमिकता दिनुपर्छ ।

त्यसैगरी, विद्यालयबाट अध्ययन पूरा गरेका विद्यार्थीको भविष्यबारे पनि अहिलेदेखि सोच्नुपर्छ । उच्च शिक्षा, सीपमूलक तालिम, रोजगारी तथा आत्मनिर्भर बन्ने अवसरसँग कार्यक्रमलाई जोड्न सकिएमा समता विद्यालयको उद्देश्य अझ सार्थक हुनेछ। विद्यालयबाट बाहिरिएपछि विद्यार्थी फेरि अभाव र असुरक्षाको चक्रमा नफर्कून् भन्ने सुनिश्चित गर्नु स्थानीय सरकारको अर्को महत्वपूर्ण जिम्मेवारी हो । बालबालिकाको भविष्यमा गरिएको लगानी नै समाजको भविष्यमा गरिएको लगानी हो। त्यसैले समता आवासीय विद्यालयलाई अझ व्यवस्थित, गुणस्तरीय र दिगो बनाउँदै लैजानु आवश्यक छ । अवसर नपाएका बालबालिकालाई अवसर दिन सक्नु नै वास्तविक समता हो । व्यास नगरपालिकाले थालेको यो प्रयास सफल भएमा यसले स्थानीय सरकार सामाजिक संरक्षण र शिक्षाको क्षेत्रमा कसरी प्रभावकारी अभिभावक बन्न सक्छ भन्ने एउटा अनुकरणीय उदाहरण प्रस्तुत गर्न सक्छ ।

# पेसा फेरियो, दलन फेरिएन

नेपालमा सामाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ । जुन वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायले पुस्तौँदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे । आज उनीहरु नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी बन्चित छन् । यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायहरूले लिन थालेका छन् । पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ तर विभेद र विभेद्कारी मानसिकता भने अपेक्षित रूपमा फेरिन सकेको छैन । आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ। दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि बन्चित छन् ? र, अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गऱ्यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको सामाजिक संरचनामा पेसा र जातबीच लामो समयसम्म गहिरो सम्बन्ध छ । कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो। पहाडमा कामी, दमाई, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए । कामी लोहार तथा धातुका काममा, दमाई कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए ।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोवीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो । चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे । दुसाधले नाचगानलगायतका काम गर्थे । मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे । धोवीले कपडा धुने काम गर्थे। डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे। यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानहरूले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरु श्रम गरे पनि सामाजिक रूपमा न्यून दर्जामा राखिएको देखाएका छन् । अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो । तर उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन। यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठूलो विरोधाभास हो।

कपडा सिलाउने दमाई चाहिन्थ्यो तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन । हलो, कोदालो, हँसिया र कृषि औजार बनाउने कामी चाहिन्थे तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो । जुत्ता बनाउने चमार र सार्की चाहिन्थे तर उनीहरूलाई सामाजिक रूपमा अछूत बनाइन्थ्यो । उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैन्थ्यो । यो केवल सामाजिक अपमान मात्र थिएन्, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो ।

### श्रम थियो, मूल्य थिएन

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे' जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबीच आर्थिक सम्बन्ध बनाएको थियो । तर त्यो सम्बन्ध बराबरीको आर्थिक कारोबार थिएन । एकातिर सेवा र सीप थियो, अर्कोतिर आश्रय र निर्भरता । अनुसन्धानहरूले बालीघरे तथा हलीजस्ता व्यवस्थालाई नगदविहीन, असमान संरचनासँग जोडेर हेरेका छन्, जहाँ दलित समुदायले आफ्नो श्रमको उचित आर्थिक मूल्य पाउन कठिन थियो र भूमिस्वामित्वमा पनि उनीहरु पछाडि थिए ।

यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकार समेत थिएन । उनीहरु उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे । उनीहरु सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे । उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन। उनीहरु सीपले समाजलाई चलाए, तर समाजको नेतृत्व गर्ने अवसर पाएनन् । यही कारणले दलित शिल्पी समुदायको इतिहास केवल गरिबीको इतिहास मात्र होइन्, यो श्रमको अवमूल्यन र सामाजिक बहिष्करणको इतिहास पनि हो ।

### पेसा बदलियो तर स्वामित्व आएन

समय बदलियो । गाउँको परम्परागत अर्थतन्त्र विस्तारै बजार अर्थतन्त्रमा बदलियो। हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो । सिलाइ व्यवसाय उद्योगमा बदलियो । फलामका औजार कारखानामा उत्पादन हुन थाले । छालाका सामग्री उद्योग र ब्रान्डमा परिणत भए । सङ्गीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो । जुन सीपलाई पुस्तौँसम्म दलित शिल्पी समुदायले जोगायो आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो। तर त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन । अर्थात् पेसा फेरियो तर दलन फेरिएन् । युगसापेक्ष विभेद पुस्तान्तरण भयो ।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरु आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन्। जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन्, त्यो ठूलो बजार भएको व्यवसाय बन्यो । कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन्, फेसन उद्योग बन्यो । धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन्, उद्योग र कलाका रूपमा स्थापित भयो । बाजागाजा तथा नाट्यकलाको काम झसार्की र चमारको काम'मात्र रहेन्, आधुनिकीकरण भयो । तर विडम्बना के छ भने पेसा आधुनिक भयो तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन । यसले आजको आधुनिक समाजलाई गम्भीर मोडमा झन पुर्याएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो तर विभेदबाट वञ्चित हुन सकेको छैन ।

### तथ्याङ्कले बोलेको असमानता

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहाडी दलितको जनसंख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसंख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ । अर्थात् यी दुई समूह जोड्दा दलित जनसंख्या ३८ लाख ९८ हजार ९९० पुग्छ । विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसंख्याका ठूला पहाडी दलित समुदाय हुन्। तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसंख्या भएका प्रमुख समुदाय हुन्। उनीहरूको बाक्लो जनसंख्या हुनु तर राज्य अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठूलो लोकतान्त्रीकरण भएको छ।



'पेसा आधुनिक भयो, सीपको बजार बढ्यो तर जुन समुदायले पुस्तौंसम्म त्यो सीप जोगायो, उसैलाई त्यसको स्वामित्व, सम्मान र समान अवसर किन दिन सकिएन

राजेश विद्रोही

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसंख्याको आधारमा राज्य संयन्त्रमा सम्मान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ। उक्त प्रतिवेदनअनुसार निजामती सेवामा दलित प्रतिनिधित्व करिब दुई प्रतिशत, नेपाल प्रहरीमा नौ प्रतिशत, नेपाली सेनामा आठ प्रतिशत र न्यायपालिकामा एक प्रतिशत मात्र रहेको छ । सोही प्रतिवेदनमा कोभिड-१९ को समयमा अभिलेख भएका दलित मानवअधिकार उल्लङ्घनका घटनामध्ये ३१ प्रतिशत जातीय विभेदसँग सम्बन्धित रहेको छ । यसले के देखाउँछ भने समस्या केवल 'पुरानो पेसा' को होइन ।

समस्या सम्मान अवसर, स्रोत, शिक्षा, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्याय र सम्मानमा ठूलो को छ भन्ने हो । यतिसम्म कि एक समय समाज र राज्यका शासकहरूले शिक्षा र सम्पत्ति राख्न नपाउने अधिकार समेत खोसिँदा यसको मार आजसम्म यो समुदाय भोग्न विवश छन्।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

**वृष**
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

**मिथुन**
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरूसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

**कर्कट**
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

**सिंह**
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

**कन्य**
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

**तुला**
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

**वृश्चिक**
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

**धनु**
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

**मकर**
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

**कुम्भ**
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

**मीन**
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।

# पेसा फेरियो, दलन .......

तर अझै पनि तिनका आजका पुस्ताले भन्दैछन्, दलित शिल्पी समुदायले सबै कुरा पाइसक्यो । अगाडि बढ्न कसले र केले रोकेको छ भनेर । पुस्तौंसम्म ढाड भाँच्ने गरी सामाजिक, आर्थिक, राजनीतिक र अमानवीय विभेदको जाँतोमा पिल्सियो तर आज पनि उस्तै भनिदैछन् । झारा टारिरहेका छन्।

**कानुन फेरियो तर मानसिकता फेरिएन**

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछूतलाई निषेध गरेको छ । जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनी रूपमा निशेध गरिएको छ। छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछूत, बहिष्कार र विभेद्लाई दण्डनीय बनाएको छ । तर कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन ।

राष्ट्रिय मानव अधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरु आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिच्किचाउने गरेको देखाएको छ । आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुनः विभेद पैदा हुने चक्रका रूपमा औंल्याएका छन् । अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन्, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो।

**जातीय पेसा होइन, अधिकार**

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन । आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ । कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इन्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ । दमाईंको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ । सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ । तर त्यसका लागि राज्यले केवल आरक्षणको संख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ । परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्रान्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकता जस्ता कार्यक्रम आवश्यक छन् । परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुनःपरिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ।

सबैभन्दा महत्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन । जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन। जुन हातले औजार बनायो, त्यस हातलाई अछूत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन । जुन हातले कपडा सिलायो, त्यस हातलाई जातका आधारमा तल राखेर फेसन उद्योगको आधुनिकता पूरा हुँदैन। जुन श्रम र पसिनाले जङ्गल फाँडेर जमिन बनायो, उनीहरूलाई भूमिहीन सुकुम्बासी बनाउनु हुँदैन।

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्ने मात्र होइन । उनीहरु आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गऱ्यो कि गरेन भने हो । किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ । पेसा बदलियो तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन्, विभेदको नयाँ रूपान्तरण मात्र हो । त्यसैले आजको सबैभन्दा असहज तर निर्णायक प्रश्न भनेको दलित शिल्पी समुदायको पेसालाई व्यावसायिक रूपमा आधुनिकीकरण त गरियो, तर उनीहरूलाई अमानवीय विभेदबाट मुक्त गरेर उनीहरुको जीवनलाई आधुनिकीकरण किन गर्न सकिएन? आफूसरह किन समाजमा सामाजिक हैसियत निर्माण गर्न सकिएन ? रासस


## व्यक्ति एउटै भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक भानु गा.पा. वडा नं. ७ हाल भानु न.पा. वडा नं. २ स्थायी निवासी भारतीय भु.पु.सै.नं. ३३००५६०N, हवलदार दर्जा, पल्टन ३३ आसाम राईफलका **प्रेम बहादुर कुवार**को श्रीमती **प्रतिमा कुवर**को नेपाली नागरिकतामा जन्म मिति २०२७/०४/०२ उल्लेख भएको तर श्रीमानको भारतीय पेन्शन अभिलेखमा जन्म मिति सन् 10/06/1973 भै जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी भानु न.पा. वडा नं. २ को वडा कार्यालयको च.नं. ६३ मिति २०८३/०५/०१ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

व्यास नगरपालिकाको २०८३ जेष्ठ २२ गते बसेको नगर कार्यपालिकाको २३८ औं नियमित बैठकको निर्णयबमोजिम सडक पेटी तथा सार्वजनिक आवागमनमा अवरोध हुनेगरी निर्माण भएका पक्की संरचना, र्‍याम्प, सिँढी, वरण्डा तथा सडक अधिकार क्षेत्रभित्र पर्ने टिनका छज्जा लगायतका संरचना हटाउने सम्बन्धी मिति २०८३ जेष्ठ २५ गते प्रथम पटक ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको र तत्पश्चात् दोश्रो पटक २०८३ श्रावण १ गते १५ दिने सुचना प्रकाशित गरिएकोमा समयसीमा समाप्त भइसक्दा धेरै घरधनीले स्वयं हटाए पनि कतिपय घरधनीले संरचना नहटाइएको पाइएकोले घरधनी तथा सम्बन्धित पक्षहरूलाई संरचना स्वयं हटाउन व्यक्तिगत रुपमा पत्राचार गरिएको छ । पत्र प्राप्त नभएको भए यसै सार्वजनिक सूचनालाई आधार मानि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र त्यस्ता संरचना हटाउनुहुन जानकारी गराईन्छ ।

अतः घरधनी तथा सम्बन्धित पक्षले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अनिवार्य रूपमा त्यस्ता संरचना स्वयं हटाई सडक पेटी तथा सार्वजनिक आवागमन सहज बनाउन अन्तिम पटक सूचित गरिन्छ । तोकिएको समयभित्र संरचना नहटाएमा नगरपालिकाले प्रचलित कानून तथा नगर कार्यपालिकाको निर्णयबमोजिम संरचना हटाई लागेको सम्पूर्ण खर्च सम्बन्धित घरधनी/पक्षबाट असुलउपर गर्नुका साथै आवश्यक कानूनी कारबाहीसमेत अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## व्यक्ति एउटै भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक भानु गा.वि.स.-८ हाल भानु न.पा. वडा नं. ३ बस्ने भारतीय भु.पु.सै.नं. रेजिमेन्टल नं. ०९४१७४९२ F, Rank NK (1/11GR), TS NO. 160778 को **लक्ष्मण तमाङ**को पेन्सन अभिलेखमा श्रीमतीको नाम थर **पुर्णि तमाङ, जन्म मितिः** 1964/07/05 A.D. भएको र श्रीमतीको नागरिकतामा नाम थर **पुर्णी माया तमाङ, जन्म मिति वि.स. २०२२/११/१६** (1966/02/27 A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनि भानु न.पा. वडा नं. ३ को वडा कार्यालयको च.नं. ४७ मिति २०८३/०४/१८ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**

## व्यक्ति एउटै भएको सूचना

लमजुङ जिल्ला मध्यनेपाल नगरपालिका वडा नं. ०९ निवासी भारतीय भू.पू. सैनिक नं. ५४४३७०८, पल्टन १५GR पेन्सन पट्टा नं. 19866/87, TS NO. 136415 का हवल्दार **सेर बहादुर गुरूङ दुरा**को पेन्सन अभिलेखमा निजको जन्ममिति सन् २५/०२/१९५३ रहेको र निजको नेपाली नागरिकता प्रमाणपत्र नं. ४४७ मा जन्म मिति २००६/०४/१० रहेको र निजको श्रीमती **सोमया गुरूङ**ले प्राप्त गरेको नेपाली ना.प्र.न.. ४२८ मा नाम थर **सोमया गुरूङ**, जन्म मिति २००६/०३/१५ भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नाम थर **सोम माया**, जन्ममिति २५/०२/१९४६ भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति गरेको व्यक्ति फरक फरक नभई एकै भएको बेहोरा मध्यनेपाल नगरपालिका, ०९ नं. वडा कार्यालयको च.नं. ६४, मिति २०८३/०४/२७ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## व्यक्ति एउटै भएको सूचना

लमजुङ जिल्ला हाल मध्यनेपाल नगरपालिका वडा नं. ०९ निवासी भारतीय भू.पू. सैनिक नं. 5449464, पल्टन 3/5 GR पेन्सन पट्टा नं. 53699/1993, TS NO. 162036 TS-NK **नेत्र बहादुर गुरूङ**को तपसिल बमोजिमको पारिवारिक सदस्यको नेपाली नागरिकता र भारतीय पेन्सन डकुमेन्टमा नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभई एउटै व्यक्ति भएको बेहोरा मध्यनेपाल नगरपालिका ०९ नं. वडा कार्यालयको च.नं. ७० मिति २०८३/०४/२९ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेबापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | विवरण फरक परेको व्यक्ति | पेन्सनरसंगको नाता | ना.प्र.प. अनुसार नामथर | सैनिक अभिलेख अनुसार नामथर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेत्र बहादुर दुरा गुरूङ | आफै | नेत्र बहादुर दुरा गुरूङ | नेत्र बहादुर गुरूङ | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको |
| २ | मैना दुरा गुरूङ | पत्नी | मैना दुरा गुरूङ | मिना माया गुरूङ | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको |

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## व्यक्ति एउटै भएको सूचना

लमजुङ जिल्ला हाल मध्यनेपाल नगरपालिका वडा नं. ०९ निवासी भारतीय भू.पू. सैनिक नं. 5840756Y, पल्टन 3/9 GR पेन्सन पट्टा नं. 3419/85, TS NO. 133101 का हवल्दार **रीख बहादुर क्षेत्री**को तपसिल बमोजिमको पारिवारिक सदस्यको नेपाली नागरिकता र भारतीय पेन्सन डकुमेन्टमा नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नभई एउटै व्यक्ति भएको बेहोरा मध्यनेपाल नगरपालिका ०९ नं. वडा कार्यालयको च.नं. ६९ मिति २०८३/०४/२९ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेबापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

**तपसिल**

| क्र.सं. | विवरण फरक परेको व्यक्ति | पेन्सनरसंगको नाता | ना.प्र.प. अनुसार नामथर | सैनिक अभिलेख अनुसार नामथर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रीख बहादुर रानाभाट क्षेत्री | आफै | रीख बहादुर रानाभाट क्षेत्री | रीख बहादर क्षेत्री | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको |
| २ | कृष्ण कुमारी रानाभाट क्षेत्री | पत्नी | कृष्ण कुमारी रानाभाट क्षेत्री | कृष्ण कुमारी क्षेत्री | फरक व्यक्ति नभई एउटै व्यक्ति भएको |

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**



**पालो कुर्दै सेवाग्राही :** जिल्ला प्रशासन कार्यालय तनहुँमा राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि पालो कुर्दै सेवाग्राही । सेवाग्राहीको भीड व्यवस्थापनका लागि प्रशासन कार्यालयले सोमबारदेखि टोकन प्रणाली सेवा सुरू गरेको छ । *तस्बिर : भञ्ज्याङ*

# चुमनुब्रीको क्यान्टिलिभर पुल ढुङ्गा खसेर जीर्ण

भञ्ज्याङ समाचारदाता/गोरखा

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका–६ लोक्पास्थित क्यान्टिलिभर पुल ढुङ्गा खसेर जीर्ण बनेको छ । गोरखा भूकम्पपछि पहाड खोपेर निर्माण गरिएको उक्त पुल यस वर्षको वर्षायाममा माथिबाट ढुङ्गा खसेपछि क्षतिग्रस्त भएको हो । पुल जीर्ण भएपछि चुमनुब्री–६ र वडा नं ७ का बासिन्दालाई आवतजावतमा जोखिम भएको छ। केही दिनअघि पहाडबाट खसेको ठूलो ढुङ्गाले पुलमा क्षति पुर्‍याएको चुमनुब्री–६ लोक्पाका सेराप गुरूङले जानकारी दिनुभयो ।

चुमनुब्री–६ का कार्यवाहक वडाध्यक्ष ठिले ग्याजो लामाले पुलको छेउका केही जिप भत्किएको र पुललाई आड दिएका ढुङ्गासमेत खसेको बताउनुभयो। उहाँका अनुसार केही दिनअघि पुलको डेक, छेकबार तथा रेलिङमा प्रयोग गरिएको तारजालीमा क्षति पुगेको छ ।

“पहिले पनि बेलाबेलामा ढुङ्गा खस्ने समस्या हुँदै आएको थियो। अब पर्यटक आउने र चाडपर्वको समय सुरू हुन लागेकाले पुल जतिसक्दो छिटो मर्मत गर्नुपर्छ“, उहाँले भन्नुभयो । सदरमुकामबाट टाढा रहेको चुमनुब्री–६ को लोक्पामा निर्माण गरिएको क्यान्टिलिभर पुल वडा नं ६ चुम्लिङ र वडा नं ७ छेकम्पारका बस्तीमा पुग्ने प्रमुख माध्यम हो । समयमै पुल मर्मत नगरे स्थानीयवासीलाई थप समस्या हुने चुम्लिङका गोपाल लामाले बताउनुभयो ।

“पुल नहुने हो भने गाउँपालिकाको केन्द्र फिलिम पुग्न हामीले अर्को बाटो घुमेर एक दिन थप यात्रा गर्नुपर्छ । बिरामी तथा घाइतेलाई झनै समस्या हुन्छ“, उहाँले भन्नुभयो ।

ढुङ्गा खसेपछि चुमनुब्री–७ छेकम्पारको चौँरीखर्क खण्डसमेत जोखिमपूर्ण बनेको स्थानीयले बताएका छन्। छेकम्पार पुग्न चौँरीखर्कको भिर हुँदै जानुपर्ने र माथिबाट ढुङ्गा खसिरहँदा बाटोमा लगाइएको तारबारसमेत भत्किएको स्थानीय गोपाल लामाले बताउनुभयो।



हालै छेकम्पारसँग तिब्बत जोड्ने नाकासमेत खुलेको छ । नाका खुलेपछि स्थानीयले तिब्बततर्फ दैनिक उपभोग्य सामग्री खरिद–बिक्री गर्न जाने गरेका छन्। तर, ठाउँठाउँमा बाटो जोखिमपूर्ण बनेकाले आवतजावतमा समस्या भएको लोक्पाका सेराप लामाले बताउनुभयो ।

उहाँले जोखिम मोलेर आवतजावत गर्नुपरेको बताउँदै सडक र पुल समयमै मर्मत नगरे पर्यटकीय मौसममा थप समस्या हुने उल्लेख गर्नुभयो ।

क्यान्टिलिभर पुल मर्मतका लागि चुमनुब्री गाउँपालिकाले बजेट विनियोजन गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँसभाको निर्णयबाट पुल मर्मतका लागि रू १५ लाख विनियोजन गरिएको छ । “पुलको अवस्था जोखिमपूर्ण छ । अहिले मानिस र खच्चड जोखिम मोलेर आवतजावत गरिरहेका छन्“, उहाँले भन्नुभयो, “अबको केही दिनभित्रै पुल मर्मतको काम सुरू हुन्छ ।“ रासस


## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचबिखन भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

**तसर्थ:**

- मानव बेचबिखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचबिखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Sameer Mani (A) Dixit, PhD**
x.com/smadixit

यदि सार्वजनिक पदमा बसेका कतिपय व्यक्ति (सरकारी नियुक्ति होस् वा संसदका माननीय) निजी वा गैरसरकारी संस्थाका संस्थापक छन्; अथवा परिवारका सदस्यलाई संस्था चलाउन दिएर आफू चाहिं अदृष्य बसेका छन् भने, यो स्पष्ट रूपमा conflict of interest हो।
त्यस्ता व्यक्तिहरूले सार्वजनिक तलब तथा सुविधा लिंदै आफ्नो पदको पहुँच प्रयोग गरेर आफ्नै संस्थालाई सुविधा वा आर्थिक लाभ दिलाउने संभावना स्वत बढ्छ ।
सार्वजनिक पद र निजी स्वार्थ सँगसँगै चल्न सक्दैन।
हामी नागरिक यस विषयमा सजग रहनु जरूरी छ है !



**Tara Nath Dahal**
x.com/tndahal7

'३५ वर्षको' न्यारेटिभ वा २० वर्ष पहिले माओवादीको 'पुरानाहरू'को न्यारेटिभ; यि सबै नकारत्मकता फैलाएर आफूलाई जस्टिफाई गर्ने तर्कहीन गाली राजनीति मात्रै हो ।
इतिहासका हरेक पाइलाहरूको निश्पक्ष मूल्याकंन गर्नेले मात्र कमजोरी र उपलब्धी छुट्याउन सक्छ र ति समयका कमजोरीबाट शिक्षा लिनसक्छ ।



**Kishore Nepal**
x.com/kishorenepal

सुप्रसिध्द कम्युनिस्ट नेता लेनिन संसदलाई 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ठाउँ' बताउँथे। नेपालका सांसदहरु लेनिनको त्यो भनाइ चरितार्थ गर्दैछन । कहिले प्रम बालेन सभामुखको स्विलिंग टेर्दैनन, कहिले सांसद आशिका तामांग सभामुखसंग फन्किदै संसदबाट बाहिरिन्छिन !

# बन्दीपुर अस्पतालमा ......

माइक्रो गाडी भाडामा लिएर सञ्चालन गर्ने तयारी गरेको छ । विशेषगरी ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी यातायात सेवा सञ्चालन गर्न लागिएको अस्पतालका प्रमुख डा. गिरीले जानकारी दिए ।

प्रस्तावित सेवाअनुसार दैनिक बिहान ७ बजे डुम्रेबाट बन्दीपुर अस्पताल आउने र बेलुकी ७ बजे बन्दीपुर अस्पतालबाट डुम्रेसम्म गाडी सञ्चालन हुनेछ । सेवाग्राहीको आवश्यकता र उपलब्धताअनुसार पृथ्वीराजमार्गमा बन्दीपुर गाउँपालिकाको दुवैतर्फको सीमासम्म सेवा पुर्‍याउने व्यवस्था गरिने भएको छ ।

दिनको समयमा करिब एक–एक घण्टाको अन्तरालमा गाडी सञ्चालन गर्ने योजना अस्पतालको छ। यातायात सेवामा ज्येष्ठ नागरिक, गर्भवती तथा अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क सेवा दिइनेछ भने अन्य सेवाग्राहीका लागि तोकिएको भाडामा ५० प्रतिशत छुट उपलब्ध गराउने व्यवस्था गरिने अस्पतालले जनाएको छ ।

अस्पतालले उक्त सेवा सञ्चालनका लागि ई–भी माइक्रो गाडी भाडामा लिन दररेटसहितको प्रस्ताव माग गर्ने निर्णय गरेको छ। सेवा प्रदायकसँग सम्झौता गरी अस्पतालले मासिक रूपमा एकमुष्ठ भाडा रकम भुक्तानी गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

स्वास्थ्य परीक्षण सेवा विस्तार र यातायात सुविधा थप गर्ने तयारीले बन्दीपुर अस्पताललाई स्थानीयस्तरमै सहज स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थाका रूपमा विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बहादुर थापाले बताए ।

उनका अनुसार विशेषगरी अस्पतालसम्म पुग्न यातायातको समस्या रहेका ज्येष्ठ नागरिक, गर्भवती, अपाङ्गता भएका व्यक्ति तथा ग्रामीण क्षेत्रका सेवाग्राहीलाई नयाँ व्यवस्थाबाट प्रत्यक्ष लाभ पुग्ने गरी सेवा विस्तार गरिने छ । ल्याब परीक्षण र यातायात सेवा विस्तारको उद्देश्य सेवाग्राहीलाई उपचारका लागि सहज पहुँच, समयको बचत तथा स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु मुख्य उद्देश्य रहेको अध्यक्ष थापाले बताए ।







भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४